

# विद्यालय सुरक्षाका लागि विपद् जोखिम न्यूनीकरण समन्वय संयन्त्रको प्रारूप

## लक्षित वर्ग

यो सामग्री प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई लक्षित गरी तयार पारिएको छ । आपत्कालीन परिस्थितिमा बालबालिकाको उद्धार गर्न तथा सरकारी र गैरसरकारी निकायहरूबाट प्राप्त सामग्रीहरूको उचित वितरणका लागि उनीहरु नै जिम्मेवार हुन्छन् । उनीहरु बाहेक गाउँ वा नगरपालिकाका पदाधिकारीहरूले पनि विद्यालयको विपद् जोखिम न्यूनीकरण तथा उद्धारमा संलग्न हुने हुनाले यो विषयमा बुझ्न जरूरी देखिन्छ ।

---

### १. विपद् जोखिम न्यूनीकरण समन्वय संरचना भनेको के हो ?

िविद्यालय र समुदायबीच विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको निम्ति गरिने साझेदारी/सम्बन्ध भनेको विद्यालय र समुदाय (औपचारिक र अनौपचारिक समूह, संस्थासँग) बिच सम्बन्ध कायम राख्न र विद्यमान विपद्का जोखिमहरु न्यूनीकरण गर्न गरिने नियोजित र व्यवस्थित प्रयास हो ।

यसका लागि विद्यालयले कुनकुन सङ्घसंस्था तथा निकायसँग केकस्तो सम्बन्ध र समन्वय गर्ने, के कामका लागि कोसँग सरोकार राख्ने र कसरी कार्य सम्पादन गर्ने भन्ने कुराको बारेमा यो समन्वय संयन्त्रले बयान गर्छ ।

### २. विपद् जोखिम न्यूनीकरण समन्वय संरचना किन विकास गर्ने

- विपद् जोखिमसँग सम्बन्धित निकायहरु र उनीहरूको भूमिका बारेमा जानकारी गराउने
- विद्यालय सुरक्षाको लागि बहुप्रकोप सामना गर्न आवश्यक स्रोत साधन जुटाउन सहजीकरण गन

---

### ३. विद्यालयले सरोकारवालासँग समन्वय गर्न के गर्ने ?

सम्बन्ध विकास र सहकार्यको वातावरण निम्नलिखित तरिकाबाट तयार गर्न सकिन्छ :

#### o सम्बन्ध, समन्वय र सहकार्यको खोजी गर्ने

विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले स्थानीय स्तरमा उपलब्ध सहयोगी हातहरूको सम्भावनाको खोजी गर्नुपर्दछ ।

#### o सहकार्यको लागी प्रतिबद्धता

विद्यालयले संकटासन्नता तथा क्षमता विश्लेषण(VCA)पछि विपद् जोखिम न्यूनीकरणको लागि गर्नुपर्ने कार्यहरूको प्राथमिकीकरणका आधारमा सम्बन्धित समुदायका संघ संस्था, समूहसँग छलफल गर्न बैठक आयोजना गरी सहयोग सुविधाहरु पाउन सक्ने संघ संस्थाहरूसगँ MOU गर्ने ।



### कामको जिम्मेवारी बाँडफाँड गर्ने :

सामान्य अवस्थामा तथा विपद्को अवस्थामा कसले के गर्ने भन्ने बारेमा कामको बाँडफाँड गर्ने सम्बन्धमा (विस्तृत विवरण तल तालिका १ मा प्रस्तुत गरिएको छ ।




### श्रोतहरूको पारदर्शी व्यवस्थापन :

विद्यालय सुरक्षा योजनाको कार्यान्वयनका लागि रकम खोज्ने तथा व्यवस्थापन गर्ने कामलाई जति पारदर्शी बनायो त्यत्ति नै सरोकारवालाबीच सम्बन्ध र सहकार्य बढ्दै जान्छ ।



### सूचना प्रवाह गर्ने :

पटकपटक भएगरेका क्रियाकलापबारे अभिभावक तथा समन्वय गरेका सङ्घसस्थाहरूमा सूचनाहरु प्रवाह गर्ने गर्नुपर्दछ । उनीहरूलाई पटकपटक विभिन्न विद्यालयका ड्रिल, अभिमुखीकरण आदि कार्यमा संलग्न गराइराख्ने गर्नुपर्दछ । उनीहरूको भूमिकाको पहिचान र सम्मान गर्दा उनीहरूलाई आफ्नो भूमिकाको निरन्तरता दिन उत्प्रेरणा मिल्दछ ।



### गुनासो सुन्ने:

भएगरेका कामहरूको बारेमा गुनासो सुनुवाई गर्ने संयन्त्रहरु विकास गर्नुपर्दछ । उजुरी पेटिका राख्ने र प्राप्त पत्रहरूको समयमै सुनुवाई गर्ने गर्नुपर्दछ ।

## ३. प्रधानअध्यापकका लागि नोटः

यसरी समन्वय गर्नुपर्छ भन्ने बुझिसकेपछि प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षकहरूसँग मिलेर तलको तालिका २ मा उल्लेख भएकामध्येबाट र समुदायमा भएका सङ्घसंस्थामध्येबाट कसको सहयोग चाहिन्छ भन्ने छलफल गर्ने र ती निकायका अधिकृतहरूसँग बैठक बसी तलको तालिका १ भर्ने अनि सम्बन्धित व्यक्तिलाई पनि जानकारी दिने ।

### अभ्यासः तालिका १

| गतिविधिहरु | सहयोगी निकाय | सम्बन्धित व्यक्तिको नाम | मोवाइल नं | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| प्रतिकार्यको लागि | -सेना/प्रहरीसँग<br>-रेडक्रस | | | | |
| बाल संरक्षण | DWCB | | | | |
| स्वास्थ | स्वास्थ्य चौकी | | | | |
| भवन निर्माण | गाउँपालिका नगरपालिका | | | | |
| काठ | वनविभाग | | | | |

## ४. समन्वय संरचना

विद्यालय सुरक्षाको सन्दर्भमा विद्यालयले आफ्नो परिवेशअनुसार कम्तीमा निम्नलिखित निकायहरूसँग विद्यालय सुरक्षा समन्वय गर्न सकिन्छ ।

### अभ्यासः तालिका २

| गाउँपालिका/ नगरपालिका | स्वास्थ्य चौकी |
|---|---|
| वडा कार्यालय | स्थानीय तथा सो क्षेत्रमा कार्यरत गैह्र सरकारी संघ संस्थाहरु |
| स्थानीय व्यक्तिहरु | स्थानीय समुदायमा आधारित संघ संस्था समूहहरु |
| सञ्चार निकायहरु (रेडियो, पत्रपत्रिका, टेलिभिजन) | राजनैतिक पार्टीहरु |
| निजी क्षेत्रका संघ संस्थाहरु (उद्योग, व्यवसाय, कम्पनी आदि) | रेडक्रस |
| नेपाल प्रहरी | जिल्ला विपद् व्यवस्थापन समिति |
| सामुदायिक वन समूहहरु | |

## थप अध्ययन सामाग्रीहरूः

Brown, C.V., &Sambamurthy,V. (1998).Linking intra-organizational stakeholders: cio perspectives on the use of coordination mechanisms. CISR Working Paper No. 304 Center for Information Systems Research Sloan School of Management Massachusetts Institute of Technology. Massachusetts, USA.

Ministry of Federal Affairs and Local Development.(2017). Local government operation act 2074. Kathmandu, Nepal:Author.

Prajapati, J. (2018). विद्यालय र समुदायबिच साझेदारी/सम्बन्ध स्थापना : निर्देशिका बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण कन्सोर्टियमको परियोजना-२०१८ World Vision International Nepal.

Sustaining Reading First.(2009). Engaging stakeholders.Sustainability series.

"यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरुको बारेमा यस डकुमेन्टमा उल्लेख गरिएको छ । यूरोपियन यूनियनका आधिकारीक धारणाको रुपमा कुनैपनि किसिमले यहाँ व्यक्त विचारहरुलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन ।"

European Union Civil Protection and Humanitaria Aid

PLAN INTERNATIONAL  Save the Children  unicef  World Vision